Received Date: Oct. 2022 Revised: Nov. s2022 Accepted: Dec. 2022

# नेपालमा राजनीतिक दलको लोकतान्त्रिकरणमा नेपालको संविधान

**डा. तारानाथ घिमिरे**
सह-प्राध्यापक, राजनीति शास्त्र, पाटन संयुक्त क्याम्पस, ललितपुर
*tara.ghimire@rrlc.tu.edu.np*

**श्यामप्रसाद फूएल**
सह-प्राध्यापक, राजनीति शास्त्र शिक्षा,
शिक्षा शास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर
इमेल : shyamphuyal0@gmail.com
Doi : https://doi.org/10.3126/ppj.v2i2.53169

**सार**

*नागरिकहरुको अभिमतको प्रतिबिम्बनको रुपमा निर्वाचन र त्यसलाई मुखरित गर्ने काममा राजनीतिक दलको भूमिका महत्वपूर्ण रहन्छ । नेपालका राजनीतिक दलले विभिन्न समयमा राजनीतिक परिवर्तन र त्यसलाई संस्थागत गर्न पुऱ्याएको योगदान, दलसँग सम्बन्धित संवैधानिक व्यवस्था र सिमाको विश्लेषण गर्दै उनीहरुको लोकतान्त्रिक आचरणलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन देखा परेका समस्याहरुको विश्लेषणसँग यो लेख सम्बन्धित छ । राजनीतिक दल परिवर्तनका वहाक र लोकतन्त्रका पर्याय भएको हुनाले उनीहरुको लोकतान्त्रिक अवस्थाको पहिचानमा यो लेखको उद्देश्य केन्द्रिकृत छ । नेपालका राजनीतिक दल, संवैधानिक व्यवस्था र दलका लोकतान्त्रिकरणको आधारहरुको पहिचान गर्ने काम यो लेखमार्फत व्यक्त गर्न खोजिएको छ । सूचना तथा तथ्याङ्कहरु द्वितीयक स्रोतमा आधारित छ । अध्ययन विश्लेषण गरिएको हुनाले लेख विश्लेषणात्मक र गुणात्मक प्रकृतिको रहेको छ । अध्ययन विश्लेषणको क्रममा राजनीतिक दलका लोकतान्त्रिकरणका आधारहरुलाई पहिल्याउने कोशिस गरिएको छ । लोकतान्त्रिक आचारणमा समेत नकरात्मक सन्देश प्रवाह भएको अवस्थामा सचेततापूर्वक आफूलाई समय सापेक्ष सुधार गर्दै अगाडि बढ्नु पर्ने निष्कर्ष र सुझाव यस लेखमार्फत प्रवाह गर्न खोजिएको छ ।*

**मुख्य शब्दावली** : राजनीतिक दल, आन्दोलन, लोकतान्त्रिकरण, प्रतिनिधित्व, आम निर्वाचन

## पृष्ठभूमि

समाजबाट राजनीतिलाई अलग गर्न सकिन्न । राजनीति र राजनीतिक प्रणाली सञ्चालनमा दलको भूमिकालाई समेत नजर अन्दाज गर्न मिल्दैन । आधुनिक लोकतन्त्रमा राजनीतिक परिवर्तन गर्न, त्यसलाई संस्थागत गर्न, शासन गर्न र शासन माथि नियन्त्रण गर्ने काम राजनीतिक दलबाट नै हुने गर्दछन् । राजनीतिक दललाई आधुनिक राजनीतिको जीवनरेखा, आधुनिकताको प्रतिक, निशानी र राजनीतिक चेतनाका शक्ति गृहको रुपमा लिइन्छ (पोखरेल, २०५६) । निश्चित विचारधाराको आधारमा कार्यक्रम सहित व्यक्ति वा व्यक्ति समूह मिलेर राजनीतिक दलको निर्माण हुने गर्दछ । उनीहरु राष्ट्रिय स्वार्थबाट प्रभावित भई सामान्य जनतालाई आफूतर्फ आकर्षित गर्नमा प्रयासरत रहन्छन् । विचारधारामा आवद्ध मानिसहरुको सङ्गठन राजनीतिक दल हो जसको मूल उद्देश्य राष्ट्रिय हितलाई केन्द्रमा राखी शक्ति आर्जन गर्दै सरकारको नेतृत्व गर्ने र आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयनका लागि जनता समक्ष पुऱ्याउनुसँग सम्बन्धित रहन्छ (फूएल, २०७५) दलहरुले जनताको सहयोगमा राष्ट्रिय एकता स्थापित गर्न र समाजका विविधताहरुको लोकतान्त्रिक ढङ्गले व्यवस्थापन गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछन् । राजनीतिक दलले गैह्र संवैधानिक मार्गको समेत अवलम्बन गर्दै जोखिम मोलेर भए पनि परिवर्तनका लागि नेतृत्व गर्ने गर्दछन् । यस्तो जोखिम मोल्नका लागि तत्कालीन परिस्थिति भने अत्यन्त प्रतिकूल वा निरङ्कुश खालको हुने गर्दछ ।

नेपालमा संवैधानिक विकास र राजनीतिक दलको इतिहास त्यति पुरानो छैन । नेपालमा पृथ्वीनारायण शाहको समयदेखि शाह वंशीय शासन स्थापना भएको मानिन्छ । स्थापना देखि नै शाह वंशभित्रको आपसी बेमेल, घातप्रतिघात, षड्यन्त्र, शङ्का उपशङ्का लगायतको फाइदा उठाई जङ्ग बहादुर राणाले वि.सं. १९०३, आश्विन ३ गते कोतपर्व जस्तो रक्तपातपूर्ण काण्ड रची सत्तासिन हुन पुगे (श्रेष्ठ, २०५६) । नेपालमा राणाशासन वि.सं. १९०३

देखि वि.सं. २००७ सम्म लगभग १०४ वर्ष एकछत्र रुपमा रह्यो । स्थापना कालदेखि नै राणाशासनको प्रत्यक्ष अप्रत्यक्ष रुपमा विरोधहरु भई रहे । कहिले सामाजिक जागरणका नामान त कहिले कथा कविता मार्फत आ-आफ्ना बलवुताले भ्याएसम्म राणा शासन अन्त्यका लागि प्रयासहरु भएका थिए । समाजका अन्तरविरोधहरुलाई राणाहरुले बलपूर्वक दमन गर्ने गर्दथे । राणा शासनको विरोधका लागि सङ्गठित प्रयास स्वरुप वि.सं. १९९३ जेष्ठ २० गते 'प्रजा परिषद' नामक राजनीतिक दलको जन्म भएको थियो (आचार्य, २०७४) । दलका गोप्य कागजात र सूचना राणाहरुले प्राप्त गरे र दलमाथि निर्मम दमन गरियो । नेपालमा निरङ्कुश राणा शासन भएको हुनाले भारतीय भूमिमा वि.सं.२००६ सालमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको स्थापना हुन गयो । यी दलहरुले स्थापनाको समयमा नेपालमा राणा शासनको अन्त्यका लागि सङ्घर्ष गर्ने र प्रजातन्त्रको स्थापना गर्ने प्रमुख विषय उठाएका थिए । गठन लगत्तै नेपाली कांग्रेसले देशव्यापी सशस्त्र क्रान्तिको लागि विगुल फुक्यो र वि.सं. २००७ साल कार्तिक २६ को साँझदेखि वीरगञ्जका सरकारी कार्यालयलाई निशाना बनाई आक्रमण शुरु गऱ्यो (गौतम, २०५४) । क्रान्ति देश व्यापी बन्दै गएपछि राणाहरुले राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन र सहयोग गुमाउँदै गए । यही क्रममा भारतको दिल्लीमा त्रिपक्षीय (राणा, राजा र नेपाली कांग्रेस) सम्झौता पछि वि.सं. २००७ साल फाल्गुण ७ गते राजा त्रिभुवनले एक घोषणा मार्फत प्रजातन्त्र स्थापना भएको सार्वजनिक गरे । प्रजातन्त्रको स्थापना पछि पनि अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरको प्रधानमन्त्रीत्वमा राणाहरुबाट ५ र नेपाली कांग्रेसको तर्फबाट ५ गरी १० सदस्यीय मन्त्रिमण्डलको निर्माण गरियो । यो सरकारले लामो समय काम गर्न पाएन । वि.सं. २००७ देखि वि.सं. २०१५ सालको आमनिर्वाचन हुनु अघिसम्म नौ नौ पटक सरकार बन्ने र भत्काउने खेलमा तत्कालीन राजनीतिक शक्तिहरु क्रियाशिल रहे (श्रेष्ठ, २०५६) । संविधान सभाको निर्वाचन कि संसदको लागि निर्वाचन भन्ने विषयले राजनीतिक बजार तातिरहेको समयमा राजा महेन्द्रले घोषणा गरे अनुसार सुर्वण शमशेर राणाको अध्यक्षतामा गठित सरकारले २०१५ साल फाल्गुण ७ गते आम निर्वाचन सम्पन्न गरायो । राजनीतिक दलहरुले भाग लिएको यो नै पहिलो आम निर्वाचन थियो (गौतम, २०५४) । प्रतिनिधि सभाको कुल १०९ सिटमा नेपाली कांग्रेस ७४, गोर्खा परिषदले १९, संयुक्त प्रजातन्त्र पार्टीले ५, नेपाल कम्युनिष्ट पार्टीले ४, प्रजा परिषद ३ र स्वतन्त्रले ४ स्थानमा विजय प्राप्त गरेका थिए (श्रेष्ठ, २०६३) । यस निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाई बहुमत प्राप्त गरेको थियो ।

आम निर्वाचन पछि नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइराला संसदीय दलको नेताको रुपमा चयन भए र उनको अध्यक्षतामा मन्त्रिमण्डलको निर्माण गरियो । सरकार गठनको अठार महिना पछि उसलाई आफ्नो ल्याकत नै प्रमाणित गर्ने अवसर नै नदिएर राजा महेन्द्रले अर्मूत आरोपहरु लगाई सरकारको विघटन गरे (मानन्धर र शर्मा, २०५३) । वि.सं. २०१७ साल पुष १ गतेदेखि वि.सं. २०४६ सालको संयुक्त जनआन्दोलनले प्राप्त नगरुञ्जेल करिब ३० वर्ष नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाले राजाको क्षत्रछाँयामा एक्लौटी ढङ्गले शासन सञ्चालन गरेको थियो । पञ्चायती व्यवस्था निर्दलीय चरित्रको भएको हुनाले दलहरुले खुल्ला राजनीति गर्न पाएनन् । उनीहरु भूमिगत रुपमा कार्य गर्न विवश भए र भारतीय भूमिलाई आफ्नो कार्यक्षेत्र बनाई संगठनात्मक विस्तारमा क्रियाशिल रहे ( दाहाल, २०५७) । पञ्चायती व्यवस्था विरुद्ध नेपाली कांग्रेस र संयुक्त बाम मोर्चाले २०४६ साल फाल्गुण ७ गतेबाट शान्तिपूर्ण जनआन्दोलनका घोषणा गरे । यस आन्दोलनले ४९ दिन पछि २०४६ सालको चैत्र २६ गते सफलता प्राप्त गरेको थियो । आन्दोलनकारीसँग वार्ता गरी राजा वीरेन्द्रले नेपालको संविधान, २०१९ बाट दल माथिको प्रतिबन्ध हटाए पछि आन्दोलनले सफलता प्राप्त गरेको ठानिएको थियो । आन्दोलनको सफलता पछि नेपाली कांग्रेसका सन्त नेता भनेर चिनिने कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा बाममोर्चा र राजाका समर्थक सहितको संलग्नतामा संयुक्त सरकार बन्यो । नेपाल अघि राज्यको संविधान २०४७ जारी भयो र यही संविधानको आधारमा २०४८ सालमा आम निर्वाचन सम्पन्न भयो । प्रतिनिधि सभाको २०५ सिटमा नेपाली कांग्रेसले ११४ सिट सहित बहुमत प्राप्त गऱ्यो । ५ वर्षे कार्यकाल रहेको संसदले पुरै अवधि बिताउन पाएन । नेपाली कांग्रेसभित्रको कलहले वि.सं. २०५१ सालमा मध्यावधि निर्वाचनको सामना गर्नु पऱ्यो । मध्यावधि निर्वाचनमा कुनै पनि राजनीतिक दलले आवश्यक बहुमत प्राप्त गरेन । नेकपा (एमाले) सबैभन्दा ठूलो दलको रुपमा उदायो र सरकारको नेतृत्व गर्न पुग्यो । ९ महिनामा एमालेको सरकारलाई अविश्वास प्रस्ताव मार्फत हटाइयो । यस पछि सरकार अस्थिरता तर्फ धकेल्यो । छोटो छोटो समयमा सरकार बन्ने र भत्कने क्रमले जनतामा निराशा, आक्रोश, कुण्ठा बढी रहेको समयमा वि.सं. २०४६ सालको सीमित परिवर्तनप्रति तीव्र असन्तोष पालेर बसेको तत्कालीन जनमोर्चाले ४० सुत्रीय माग सरकार सामु प्रस्तुत गऱ्यो ।

आफ्नो मागप्रति सरकारले वास्ता नगरेको कारण देखाउँदै पार्टीको पूर्व कार्य सूची अनुसार तत्कालीन नेकपा (माओवादी) का नामबाट वि.सं. २०५२ फाल्गुण १ गतेबाट दीर्घकालिन जनयुद्धको शुरु गऱ्यो । माओवादीको सशस्त्र जनयुद्धले देशव्यापी उचाइ ग्रहण गरिरहेकै समयमा राजा ज्ञानेन्द्रले आश्विन १८, २०५९ मा आंशिक हुँदै १९, माघ २०६१ मा सम्पूर्ण शक्ति आफ्नो हातमा लिए पछि तत्कालीन संसदवादी दलहरुले आफूहरुलाई केही भूमिका नदिएको भनी असन्तुष्ट जनाए । राजाको यस कदमलाई प्रतिगमनको संज्ञा दिएर आन्दोलनको घोषणा गरे । आन्दोलनले खासै आकार ग्रहण गर्न सकेन । आन्दोलनकै क्रममा संसदवादी शक्ति र विद्रोही माओवादी बीच सम्बन्धमा सुधार हुँदै मंसिर ७, २०६२ मा १२ बुँदे सम्झौता भयो (फूएल, २०७४) । संसदवादी राजनीतिक दल र विद्रोही नेकपा (माओवादी) बीच १२ बुँदे सम्झौताको सन्देशले आम नेपाली जनतामा शक्तिको सन्देश प्रवाह भएकाले घिमा गतिमा अघि बढेको प्रतिगमन विरोधी आन्दोलनले एक्कासी आकार ग्रहण गऱ्यो । यस सहमतिले वि.सं. २०६२/०६३ को जनआन्दोलनलाई अझ फराकिलो र व्यापक बनाउँदै लग्यो । आन्दोलनले सफलता प्राप्त गऱ्यो । अन्तरिम व्यवस्थापिकाको गठन गरियो । माओवादी पनि त्यस अन्तरिम व्यवस्थापिकामा संलग्न भयो । अन्तरिम संविधान २०६३ सबै राजनीति दल बीचको आम सहमतिमा जारी गरियो । संविधानको व्यवस्था अनुसार वि.सं. २०६४ साल चैत्र २८ गते संविधान सभाको निर्वाचन सम्पन्न भयो । संविधान अनुसारको २ वर्षे कार्यकालमा संविधान सभाबाट संविधान निर्माण हुन सकेन । पटक पटक गरेर अरु २ वर्ष थप्दा समेत संविधान निर्माण नभएकाले वि.सं. २०७० साल मंसिर ४ गते संविधान सभाको दोस्रो निर्वाचन भयो । राजनीतिक दलहरुबीचको आपस सहमति, छलफल रस्साकस्सी बीच आम सहमतिका साथ संविधान निर्माण गर्ने सोच र परिकल्पनाले साकारता पाएन । सहमतिको चाहना हुँदा हुँदै बहुमतिय प्रक्रियाबाट करिब ९० प्रतिशत संविधान सभाका सभासदहरुको हस्ताक्षरमा नेपालको सीवधान २०७२ असोज ३ गते जारी भयो (फूएल, २०७५) । यही संविधान अनुसार नेपालमा २०७४ र २०७९ सालमा स्थानीय, प्रदेश र संघीय संसदका लागि निर्वाचन सम्पन्न भइसकेको अवस्था छ ।

निरंकुश राणा शासनको अन्त्य गर्ने क्रान्ति देखि पछिल्लो वि.सं. २०६२/६३ को आन्दोलनमा विभिन्न राजनीतिक दलले संयुक्त वा एकल रुपमा आफ्नो गञ्छेअनुसारको भूमिका निर्वाह गर्दै आएका छन् । राजनीतिक दलहरुले तत्कालीन समय, परिस्थिति र आवश्यकता अनुसार सशस्त्र र शान्तिपूर्ण दुवै मार्गको अवलम्बन गर्दै क्रान्ति र आन्दोलनको नेतृत्व गर्दै अहिलेको अवस्थामा आइपुगेको यथार्थ सबैको सामु छर्लङ्ग छ । आन्दोलन र क्रान्तिमा अग्रणी भूमिका निर्वाह गर्ने राजनीतिक दलको संरचना, विधान, लोकतान्त्रिक अभ्यास लगायतको अवस्था र संवैधानिक प्रबन्धको विश्लेषण गर्नु आजको आवश्यकता र समयको माग दुवै बन्न गएको छ । आधुनिक प्रतिनिधिमूलक लोकतन्त्रले दलीय राजनीतिक प्रणालीलाई समाजको अभिन्न अङ्गको रुपमा स्थापित गरेको छ । उपलब्धिलाई संस्थागत गर्दै कार्यान्वयनमा ल्याउनमा समेत राजनीतिक दलको अग्रणी भूमिका रहन्छ । लोकतन्त्रको सफलता र संविधानको प्रभावकारी कार्यान्वयनका लागि दलहरुको प्रभावकारी उपस्थिति र क्रियाकलापको समेत महत्वपूर्ण प्रभाव रहने गर्दछ । राजनीतिक दलहरुको क्रियाकलाप, आचरण र गतिविधिले जनतालाई प्रत्यक्ष प्रभाव पार्ने हुनाले यस तर्फ उनीहरुको भूमिका लोकतान्त्रिक र जनताको जीवनपद्धतिसँग मिल्दोजुल्दो हुनु आवश्यक हुन्छ । यसर्थ लोकतन्त्रलाई जीवनपद्धतिको रुपमा रुपान्तरित गर्नका लागि दलीय आचरण र क्रियाकलाप पनि स्वस्थ र मर्यादित हुनु पर्दछ । नेपालको संविधानले दल गठन, विधान अधिवेशन लगायतको बारेमा उल्लेख गर्दै समावेशीताको विषयलाई उच्च प्राथमिकतामा राख्दै सांगठनिक संरचना निर्माणका लागि एउटा आधार प्रदान गरेको छ (श्रेष्ठ, २०७२) । परिवर्तनका लागि संघर्षरत राजनीतिक दलले परिवर्तित अवस्था र जनचाहनालाई ख्याल गर्दै अघि बढ्नु पर्दछ । राजनीतिक दलले सामन्तवादी नेतृत्व प्रणालीलाई त्यागेर साध्य र साधनका बारेमा सैद्धान्तिक रुपले आफूलाई सवल बनाउँदै व्यवहारमा खरो रुपमा उत्रन सक्नु पर्दछ । सबै वर्ग जातजाति, भाषाभाषी, क्षेत्र, समुदाय र धर्मका अनुयायीहरुलाई दलभित्र प्रवेश गर्न सक्ने वातावरण निर्माण लाग्नु पर्दछ (शिवाकोटी, २०७०) । राजनीतिक दलका विचारधारा, रणनीति, कार्यनीति र कार्यक्रम स्पष्ट पारदर्शि र जनमुखी हुनुपर्दछ ।

**उद्देश्य**

नेपालका प्रमुख राजनीतिक दलहरुको लोकतान्त्रिक अभ्यास तथा आचरणको अध्ययन विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । राजनीतिक दल परिवर्तनका बाहक, लोकतन्त्रका पर्याय र आदर्श एवम् प्रतिमूर्ति भएका

हुनाले राजनीतिक दल र यिनीहरुको लोकतान्त्रिकरणको अवस्थाको पहिचान र राजनीतिक दल सम्बन्धी संवैधानिक बन्दोबस्तको बारेमा अध्ययन विश्लेषण गर्नु सँग यो लेख सम्बन्धित छ ।

## अध्ययन विधि र सीमा

यो लेख वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । सूचना तथा तथ्याङ्कहरु द्वितीय स्रोतमा आधारित छन् । राजनीतिक दल र उनीहरुको लोकतान्त्रिकरणसँग सम्बन्धी खोज मुलुक ग्रन्थ लेख रचनालाई आधार मान्दै लेखलाई विश्लेषणात्मक, वर्णनात्मक हुँदै गुणात्मक प्रकृतिको रुपमा प्रस्तुत गरिएको छ । लेखकद्वयको व्याख्या, विश्लेष्ण, भोगाई, एवम् व्यावहारिक अनुभव एवम् दैनिक रुपमा विकसित घटना क्रमबाट समेत लेख प्रभावित छ । नेपालका राजनीतिक दल र उनीहरुको लोकतान्त्रिक अवस्थाको समग्रमा पहिचान विश्लेषण गर्ने क्रममा नेपालको संविधानमा प्रयुक्त व्यवस्थालाई मूल आधार मानी लेखलाई मूर्तता प्रदान गरिएको छ ।

## प्रस्तुतीकरण र विश्लेषण

- **राजनीतिक दल सम्बन्धी अवधारणा**

परम्परागत राजनीतिक अवस्थाबाट आधुनिकतातर्फ अग्रसर हुने क्रममा राजनीतिक दलहरुको उदय भएको पाइन्छ । बेलायतमा राजनीतिक दल संसदीय व्यवस्थाको कार्यान्वयनको दौरानमा १८ औं शताब्दीमा जन्मिएको हो भने अमेरिकामा राजनीतिक दलको स्थापना १८ औं शताब्दीमा शुरु भएको देखिन्छ (काफ्ले, २०४८) । राजनीतिक परिवर्तन र लोकतान्त्रिक अभ्यासको क्रममा दलहरु निर्माण हुने गरेको पाइन्छ । आजको प्रतिनिधिमुलक लोकतन्त्रमा दल व्यवस्थालाई अविछिन्न अङ्गको रुपमा लिइन्छ । ज्यादा भन्दा ज्यादा नागरिकहरुलाई शासनमा सहभागी बनाउन दलको आवश्यकता र अनिवार्यता व्यवहारबाट सिद्ध भएको विषय हो । आजकाल जनताको आवाजलाई ईश्वरको आवाजको रुपमा लिइन्छ र अधिक नागरिकलाई राजनीतिमा सहभागिताको परिकल्पना गरिन्छ । प्रतिनिधि सरकारको स्थापनामा राजनीतिक दलको भूमिका महत्वपूणर्भ रहने विषय विश्वव्यापी बन्दै गएको छ ।

आधुनिक युगमा राजनीतिक दललाई राजनीतिको जीवनरेखा र लोकतन्त्रको आधार स्तम्भको रुपमा लिइन्छ । चेतनाका शक्तिगृह र सम्पूर्ण राजनीतिक प्रक्रियाको केन्द्रीय विषयको रुपमा राजनीतिक दललाई लिइन्छ (पोखरेल, २०५४) । यसले शासन सञ्चालन र नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ । दललाई लोकतन्त्रको प्राणको रुपमा लिइन्छ । राजनीतिक दल विचार, सिद्धान्त तथा कार्यक्रमले युक्त संगठित शक्ति हो, जसले मुलुकको हितलाई शिरोपर गर्दै शान्तिपूर्ण वा वैध मार्गको अवलम्बन गर्दै बहुमत मतदातालाई आफ्नो पक्षमा पारेर शासन शक्तिलाई आफ्नो हातमा लिन प्रयासरत रहन्छ (रेग्मी, २०५४) । राजनीतिक दल समान विचार राख्ने एउटा राजनैतिक एकाइको रुपमा कार्य गर्ने र शासनलाई आफ्नो हितमा लिन प्रयत्न गर्ने नागरिकहरुको सङ्गठित आवाज बुलन्द गर्ने समूह हो (शिवाकोटी, २०७०) । नेता कार्यकर्ता उत्पादन गर्ने भट्टीका रुपमा राजनीतिक दललाई लिइन्छ । राजनीतिक नेताहरुको भर्ती गर्ने र विभिन्न तहमा निर्वाचित गराउन प्रयत्न गर्ने तथा नेतृत्व परिचालन गरी नीति तथा कार्यक्रमलाई कार्यान्वयन गराउनमा वैधानिक मार्गको अवलम्बन गर्ने आम नागरिकको विश्वासिलो शक्ति राजनीतिक दल हुन् ।

निश्चित सिद्धान्त, योजना तथा कार्यक्रमका साथ अगाडि बढेका समान विचारधाराबाट बाँधिएका औपचारिक समूहलाई राजनीतिक दल भनिन्छ । राजनीतिक दलहरुलाई परिवर्तनको दस्ताको रुपमा लिइन्छ, जसले सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक लगायतका आफ्ना लक्ष्य तथा उद्देश्यहरुलाई घोषित मान्यता, घोषणा पत्र, विधान प्रतिबद्धता पत्र मार्फत जनतालाई अवगत गराउँदछन् । सदैव जनमत बटुल्न प्रयासरत रहन्छन् र जनताले पनि विचारधारा, नेतृत्वको क्षमता, पूर्व प्रतिबद्धता पत्र लगायतको आधारमा मूल्याङ्कन गरी निर्वाचनको दौरानमा पुरस्कृत र दण्डित गर्ने गर्दछन् । राजनीतिक दलले राजनीतिक कार्यलाई बहुआयामिक रुपमा सञ्चालन गर्ने गर्दछन् ।

- **राजनीतिक दलको लोकतान्त्रिकरणका आधारहरु**

राज्यको उत्पत्ति र शासनप्रणालीका शुरुका चरणमा नै राजनीतिक दलका भ्रुणहरु देखा परेका हुन् । बेलायत र अमेरिकामा १८ औं शताब्दी देखि दलहरु औपचारिक रुपमा देखा परेका छन् (फूएल, २०७५) । राणा शासनको अन्त्यतिर वि.सं. २००६ सालमा नेपाली कांग्रेसको स्थापना भारतीय भूमिमा भयो । भारतको वैरगनियाँमा २००६ साल आश्विन ९ र १० गते भएको सम्मेलनले सशस्त्र क्रान्ति गर्ने लाइनलाई पास गरेको थियो (शर्मा, २०५५) ।

जसका सस्थापक अध्यक्ष मातृकाप्रसाद कोइराला थिए । भारतको कलकत्तामा नै वि.सं. २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । जसका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ हुन् । दुई भिन्न विचारका यी दुई पार्टीले नेपालमा विभिन्न समयमा भएका राजनीतिक आन्दोलनको अगुवाई गर्दै मुलुकलाई अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा ल्याउनमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । राजनीतिक दलले आफ्नो लोकतान्त्रिक आचरणलाई सिद्ध गर्न निम्न मान्यतामा जोड दिनुपर्ने हुन्छ ।

- **व्यापक राष्ट्रिय दृष्टिकोण**

मुलुकको समग्र सम्पूर्ण पक्षको अगुवाइ राजनीतिक दलले गर्ने गर्दछन् । लोकतान्त्रिक व्यवस्थामा व्यापक राष्ट्रिय दृष्टिकोणलाई सर्वोपरी मानी दलहरुले कार्य गर्नुपर्ने हुन्छ । दलको प्रतिनिधि कुनै निश्चित क्षेत्रबाट प्रतिनिधित्व गर्ने अवस्था रहे पनि मतदाताले सम्बद्ध राजनीतिक दलको नीति र कार्यक्रम तथा जनता र राष्ट्रप्रतिको प्रतिबद्धताका आधारमा नै मतदान गर्ने हुनाले यसमा व्यापक राष्ट्रिय दृष्टिकोणको जरुरत पर्दछ (दाहाल, २०५७) । यसर्थ व्यापक राष्ट्रिय सोचाइको परिधिमा राजनीतिक दलले काम गर्नु पर्ने हुन्छ । दुरदृष्टिका साथ सबैलाई सँगसँगै लग्ने दायित्व राजनीतिक दलको हो ।

- **नीति र कार्यान्वयनमा एकरुपता**

राजनीतिक दललाई आम नागरिकहरुले उसको विचारधारा, रणनीति, कार्यनीति, कार्यक्रम, भनाई र गराईमा एकरुपताको आधारमा मूल्याङ्कन गर्ने गर्दछन् । राजनीतिक दललाई विश्वास गर्ने र मतदान गर्ने भनेको नै विधान र घोषणा पत्रलाई आधार मानेर हो । यसर्थ राजनीतिक दलले स्पष्ट रुपमा आफ्ना समग्र नीति तथा कार्यक्रमलाई जनतामाझ सजिलो माध्यमबाट प्रस्तुत गर्नु पर्दछ । घोषित नीतिलाई जनसहभागिताको आधारमा पारदर्शि ढङ्गले कार्यान्वयनमा लग्नु पर्दछ । यस्ता कार्यले लोकतान्त्रिक आधार निर्माण गर्दै जनताप्रति दलको विश्वासलाई अझ गाढा बनाउँदछ ।

- **विधान, अधिवेशन र कार्यसमिति निर्माण**

राजनीतिक दल वैधानिक शक्तिका स्रोत र परिवर्तनका बाहक हुन् । विचार निर्माण र कार्यान्वयनका पर्तिमूर्तिको रुपमा राजनीतिक दललाई लिइन्छ (खनाल, २०६४) । दलको विधानमा सदस्यता प्राप्त गर्ने आधार, विधान संशोधनको आधार, अधिवेशन, विभिन्न तहका कार्यसमितिको निर्माणमा लोकतान्त्रिक अभ्यासको अवलम्बन गर्दछ कि गर्दैन भन्ने आधारमा मूल्याङ्कन गर्ने गरिन्छ ।

- **आर्थिक पारदर्शिताको अवस्था**

राजनीतिक दल सञ्चालनका लागि धनको आवश्यकता पर्दछ । दल सञ्चालनका लागि उसले स्रोत कसरी जुटाउँछ, आय स्रोत र आय व्ययको विवरण प्रकाशित गर्दछ कि गर्दैन, लेखा परीक्षणको अवस्था लगायतको आधारमा समेत दलको लोकतान्त्रिक अवस्थाको परीक्षण गर्ने गरिन्छ । आर्थिक अनुशासन, काम कार्यवाहीमा मितव्ययीताको अवस्था, कुनै सदस्य भ्रष्टाचारमा मुछिएमा कार्यवाहीमा सहयोग, असहयोगको आधारमा मूल्याङ्कन गर्ने गरिन्छ । जनउत्तरदायी सुशासन जस्ता कुरामा राजनीतिक दल अब्बलताका साथ प्रस्तुत भएमा लोकतान्त्रिक आचरणले युक्त मानिन्छ ।

- **जनउत्तरदायी प्रवृत्ति**

राजनीति पेशा व्यवसाय नभई शुद्ध सामाजिक भावले युक्त सेवा हो । राजनीतिक सेवामा व्यक्तिको जीवन वैयक्तिक नभई सार्वजनिक हुन्छ । उनीहरुले समाजमा आदर्श स्थापित गर्न सक्नु पर्दछ । नैतिक, चारित्रिक र आचरणको हिसाबले नमूनाको रुपमा प्रस्तुत हुन सक्नु पर्दछ । यस्तो आदर्श बोकेको राजनीतिक दल र यसका नेतालाई सबैले सम्मान प्रकट गर्दछन् ।

**नेपालमा दलको लोकतान्त्रिकरण र संवैधानिक बन्दोबस्त**

परिवर्तनका लागि क्रियाशिल रहने राजनीतिक दललाई लोकतन्त्रको मेरुदण्डको रुपमा लिइन्छ । राजनीतिक दललाई राजनीतिको अभिन्न अङ्ग र जनमतको आधारको रुपमा लिने गरिन्छ । आधुनिक राज्य जनताद्वारा अनुमोदित सार्वजनिक व्यवस्था भएको हुनाले सकेसम्म बढी भन्दा बढी जनताले राजनीतिमा, राजनीतिक क्रियाकलापमा संलग्न रहनु भन्ने अपेक्षा गरिन्छ । जसको परिपूर्ति राजनीतिक दलबाट हुने गर्दछ । लोकतन्त्रमा राजनीतिक दललाई जीवनदायिनी नलीको रुपमा लिइन्छ (पोखरेल, २०७३) । उद्योगधन्दा कलकारखानालाई आर्थिक

आधुनिकताको प्रतिक मानिए झैं राजनीतिक दललाई राजनीतिक आधुनिकताको प्रतिकको रुपमा लिइन्छ । सम्पूर्ण राजनीतिक प्रक्रिया र गतिविधि राजनीतिक दलकै वरिपरी घुमिरहन्छ । लोकतन्त्रलाई जीवनपद्धतिको रुपमा रुपान्तरित गर्नका लागि राजनीतिक दलको आचरण र क्रियाकलाप स्वस्थ र व्यावहारिक हुनु पर्दछ । स्वस्थ प्रतिस्पर्धामा मात्र लोकतन्त्रले सुदृढीकरण र परिपक्वता हासिल गर्दछ । जनताको अभिमतलाई निष्पक्ष, स्वतन्त्र, धाँधली रहित, पारदर्शि र विश्वसनीय बनाउने काममा राजनीतिक दलको भूमिका नै अग्रणी रुपमा देखा पर्नु पर्दछ । राजनीतिक दलहरु बढी जिम्मेवार ढङ्गले प्रस्तुत हुनु पर्दछ । राजनीतिक दलको राष्ट्रिय एकता, राष्ट्रिय स्वार्थ, लोकतन्त्र, सार्वभौमसत्ता, सामाजिक सद्भाव कायम गर्नमा अहम भूमिका हुन्छ । राजनीतिक दलले निर्वाह गर्ने यस्ता भूमिका तथा दायित्वलाई प्रायसः मुलुकका संविधानमा दलिय आचरणका सिमाहरुलाई निर्धारण गरिएको पाइन्छ । यस्ता सिमाले दलहरुको लोकतान्त्रिकरणका लागि कोशे ढुङ्गाको काम गरेको पाइन्छ ।

- संघीय गणतन्त्र जर्मनीको संविधानको धारा २१ मा- राजनीतिक दलहरुको आन्तरिक जीवनमा लोकतान्त्रिक सिद्धान्तका आधारभूत मान्यतालाई अंगिकार गरेको हुनुपर्ने, लोकतन्त्रका आधारभूत सिद्धान्तलाई क्षीण गर्ने उद्देश्यले स्थापित राजनीतिक दलहरु असंवैधानिक हुने, असंवैधानिकताको परीक्षण संवैधानिक अदालतले गर्ने उल्लेख गरिएको छ (दाहाल, २०६६) ।
- पोर्चुगलको संविधानको धारा १०-५१ सम्म- राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतामा असर पुऱ्याउने उद्देश्यले विभिन्न धर्म र सम्प्रदायको आधारमा गठित राजनीतिक दललाई मान्यता नदिने प्रष्ट उल्लेख गरिएको छ (ऐजन) ।
- सुरिनामको संविधानको धारा ५३ मा राजनीतिक दलले अवलम्बन गर्नु पर्ने विषयलाई उल्लेख गरिएको छ । राजनीतिक दलको आन्तरिक सङ्गठन लोकतान्त्रिक मूल्य मान्यता अनुरुप हुनुपर्ने, दलको आय व्ययको वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने, राजनीतिक दलले राष्ट्रिय हितलाई केन्द्रमा राखेर गतिविधिमा संलग्न रहनु पर्ने (ऐजन)
- गणतन्त्र रुवाण्डाको संविधानको प्रस्तावना र धारा ५२ देखि ५९ सम्म दलले पालना गर्नुपर्ने आचरणको बारेमा उल्लेख गरिएको पाइन्छ । राजनीतिक सङ्गठनले लोकतान्त्रिक सिद्धान्तलाई अवलम्ब्न गर्दै राष्ट्रिय एकता, प्रादेशिक अखण्डता र राष्ट्रको सुरक्षा कायम राख्ने गरी दलहरुले आफ्नो क्रियाकलाप सञ्चालन गर्नुपर्ने, राजनीतिक दलहरु साम्प्रदायिक, धार्मिक वा लैङ्गिक जस्ता आधारमा गठन गर्न नसकिने प्रष्ट उल्लेख गरिएको छ (ऐजन) ।
- सेनेगलको संविधानको धारा ३ मा राजनीतिक दलको लोकतान्त्रिककरण बारेमा उल्लेख गरिएको छ । जातजाति, भाषाभाषी, धर्म, सम्प्रदाय र क्षेत्रीयताको आडमा राजनीतिक दल निर्माण गर्न नहुने प्रष्ट उल्लेख गरिएको छ (ऐजन) । यसरी विभिन्न मुलुकहरुमा दल निर्माण गर्दा र निर्माण पछि तोकिएका संवैधानिक बन्दोवस्तलाई पालना गर्दै लोकतान्त्रिक आचरण प्रदर्शन गर्नु पर्नेमा जोड दिइएको छ ।

नेपालको संवैधानिक इतिहासमा प्रथम लिखित र निर्मित संविधान नेपाल सरकारको वैधानिक कानुन २००४ को भाग २ धारा ४ मा नागरिकका लागि अधिकारका सूचीमा सभा र संघ स्वतन्त्रताको उल्लेख गरिएको छ । यद्यपी यो संविधान प्रयोगमा आएन । नेपाल अन्तरिम शासन विधान २००७ को भाग २ धारा १४ देखि २० सम्म नेपाली नागरिकका अधिकारको सूचीमा वाक् स्वतन्त्रता बारे उल्लेख छ । वि.सं. २००७ सालको राजनीतिक परिवर्तन पछि केही समयका लागि नेपाल कम्युनिष्ट पार्टी प्रतिबन्धित रहेता पनि अन्य राजनीतिक दलहरु खुला रुपमा क्रियाशिल थिए (दाहाल र श्रेष्ठ, २०५७) । नेपाल अधिराज्यको संविधान २०१५ को भाग ३ धारा ३ देखि ९ सम्म राजनीतिक स्वतन्त्रता अन्तर्गत "वाक् तथा प्रकाशन स्वतन्त्रता" र संघ संस्था खोल्न पाउने स्वतन्त्रता" को बारेमा उल्लेख गरेको थियो (फूएल, २०७५) । वि.सं. २०१५ साल फाल्गुण ७ गते प्रतिनिधि सभाको १०९ सदस्यका लागि भएको पहिलो आम निर्वाचनमा नौ वटा राजनीतिक दलहरु संलग्न थिए ।

वि.सं. २०१५ साल फाल्गुण ७ गते नेपालमा भएको पहिलो आम निर्वाचनमा नेपाली कांग्रेसले १०९ सिटमा ७४ सिट प्राप्त गऱ्यो । यस दलका नेता विश्वेश्वरप्रसाद कोइराला संसदीय दलको नेताको रुपमा चयन भए र प्रधानमन्त्रीको रुपमा नियुक्त भए । प्रधानमन्त्रीमा नियुक्त भएको १८ महिना पछि विभिन्न अर्मूत आरोप लगाउँदै राजा महेन्द्रले निर्वाचित सरकारलाई अपदस्थ गरे । राजाले दलिय गतिविधि माथि प्रतिबन्ध लगाए पछि वि.सं. २०४६

सालको संयुक्त जनआन्दोलन सफल नहुञ्जेलसम्म नेपालका रानजीतिक दलहरु भूमिगत रुपमा नै क्रियाशिल रहे । वि.सं. २०४६ सालको पविर्तनपछि निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक राजनीतिक दलको बारेमा स्पष्ट र किटानी प्रबन्ध गरेको पाइन्छ । संविधानको प्रस्तावनाले बहुदलीय व्यवस्थाको सुदृढीकरणको लक्ष्यलाई आत्मसाथ गर्दै वालिग मताधिकार आवधिक निर्वाचन र जनताको सार्वभौमसत्तालाई स्वीकार गरेको थियो । संविधानको भाग ३ मौलिक हक अन्तर्गत धारा १२ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रता र धारा २३ मा संवैधानिक उपचारको हकको प्रबन्धले खुल्ला राजनीतिक परिवेशलाई आत्मसात गरेको देखिन्छ । संविधानको धारा ११२ मा राजनैतिक सङ्गठन वा दलमाथि प्रतिबन्ध लगाउने बन्देज गरिएको थियो । धारा ११३ मा राजनीतिक संगठन वा दलका रुपमा निर्वाचनका सिलसिलामा मान्यता प्राप्त गर्नका लागि निर्वाचन आयोगमा दर्ता गर्नु पर्ने उल्लेख छ ।

राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि निम्न शर्तहरु पालना गर्नु पर्ने विषय नेपाल अधिराज्यको संविधान २०४७ ले अघि सारेको देखिन्छ ।

- राजनीतिक संगठनको विधान र नियमहरु लोकतान्त्रिक हुनु पर्ने ।
- दलको विधानमा कम्तिमा ५ वर्षको एकपटक संगठन वा दलका पदाधिकारीहरुको निर्वाचन गर्नुपर्ने ।
- प्रतिनिधि सभा निर्वाचनको सिलसिलामा कम्तिमा ५ प्रतिशत महिला उम्मेद्वार उठाउनु पर्ने बाध्यात्मक अवस्था ।
- राष्ट्रिय दलको मान्यता प्राप्त गर्नका लागि प्रतिनिधि सभाको निर्वाचनमा खसेको सदर मतको तीन प्रतिशत मत कम्तिमा प्राप्त गर्नु पर्ने ।
- देशलाई विखण्डन गर्ने वा साम्प्रदायिकता भड्काउने राजनैतिक दललाई आयोगले मान्यता प्रदान नगर्ने । त्यस्तै धर्म, जातजाति, भाषाभाषी, लिङ्ग, सम्प्रदाय लगायतका आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण व्यवहार गर्ने राजनीतिक दललाई निर्वाचन आयोगले दर्ता नगर्ने संवैधानिक प्रबन्ध देखिन्छ । यसरी नेपाल अधिराज्यको संविधान २०४७ ले रानजैतिक दल सम्बन्धी गरेको व्यवस्थाले प्रतिस्पर्धी राजनीतिको जगलाई मजबुत बनाउन गरेको जमर्कोलाई सकरात्मक मान्नु पर्ने हुन्छ ।

तत्कालीन राजनीतिक शक्तिहरुको सहमतिको बीचबाट निर्मित नेपालको दोस्रो अन्तरिम संविधान २०६३ ले धारा २ मा "नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहनेछ" भन्ने व्यहोराको उल्लेख नेपालको संवैधानिक इतिहासमा पहिलो पटक हो । संविधानको प्रस्तावनामा प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन लगायत लोकतान्त्रिक मूल्य मान्यताका आधारभूत पक्षलाई पूर्ण रुपमा आत्मसात् गरेको पाइन्छ (फूएल, २०७५) । संविधान सभाको निर्वाचन, निर्वाचन प्रणाली सम्बन्धी व्यवस्था र जनमतसङ्ग्रह सम्बन्धी व्यवस्था यस संविधानमा गरिएको नविन विषय थियो ।

अन्तरिम संविधान २०६३ को भाग १८ धारा १४१ र १४२ मा राजनीतिक दल खोल्ने र सञ्चालन गर्ने व्यवस्था गरिएको थियो । निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दर्ता हुनु पर्ने, राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाइने । प्रत्येक पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीहरुको निर्वाचन हुनु पर्ने, दलको विधान लोकतान्त्रिक हुनुपर्ने र दलको सबै तहको कार्य समितिमा समावेशिताको प्रत्याभूति हुने गरी निर्माण गर्नु पर्ने व्यवस्था थियो । संविधानले राजनीतिक दलहरुको सहमतिलाई उच्च प्राथमिकतामा राखेको थियो ।

नेपालमा लामो समयदेखि संविधान निर्माणको विवाद रह्यो । जनतामा विधिवत् सार्वभौमसत्ताको हस्तान्तरण नहुञ्जेलसम्म जनताका प्रतिनिधिबाट संविधानको निर्माण हुन सकेको पाइन्न । ६५ वर्ष देखिको संविधान सभाबाट संविधान निर्माण गर्ने चाहनालाई नेपालको संविधान निर्माणको अवस्थाले मूर्तता प्रदान गरेको छ । यो संविधान निर्माणमा नेपाली जनताले प्रथम पटक सार्वमौम अधिकारको प्रयोग गरेका छन् । संविधानसभाबाट निर्मित यस संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र, प्रतिस्पर्धी बहुदलीय राजनैतिक प्रणालीलाई नै राजनैतिक लोकतान्त्रिक व्यवस्थाको आधार मान्ने सिद्धान्तमा नेपालका राजनीतिक दलहरुको मतैक्य देखिन्छ (श्रेष्ठ, २०७२) । संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचनको बारेमा प्रष्ट उल्लेख गर्दै राजनीतिक आधारलाई स्पष्ट उल्लेख गरेको छ ।

भाग ३ धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत संघ सङ्गठन खोल्ने र राजनीतिक स्वतन्त्रताको उपयोग गर्न पाउने उल्लेख छ। नेपालको संविधानको भाग २९ को धारा २६९ देखि २७२ सम्म राजनीतिक दल सम्बन्धी व्यवस्था गरेको छ।

समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध कानुन बमोजिम राजनीतिक दल गठन गरी सञ्चालन गर्न पाउने उल्लेख छ। दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचारप्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य कामकाज गर्न सक्ने उल्लेख छ। धारा २६९(१) निर्वाचन प्रयोजनका लागि राजनीतिक दलले कानुन बमोजिम कार्यविधि पुरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने उल्लेख छ (धारा २६९(२) । राजनीतिक दलले निर्वाचन आयोगमा दल दर्ताका लागि निवेदन दिँदा निम्न कुरामा ध्यान पुऱ्याउनु पर्दछ (धारा २६९(४) ।

- राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्दछ।
- राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलको संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनु पर्दछ, तर विशेष परिस्थिति उत्पन्न भई पाँच वर्ष भित्रमा पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेको अवस्थामा दलको विधानमा व्यवस्था गरी अरु ६ महिना थप्न सकिने उल्लेख छ।
- राजनीतिक दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई सम्बोधन गर्ने गरी समावेशी प्रतिनिधित्वको मान्यतालाई आत्मसात् गरी व्यवस्था गर्नु पर्ने उल्लेख छ।

राजनीतिक दल दर्ता गराउने प्रयोजनका लागि निवेदन पेश गर्दा सम्बन्धित राजनीतिक दलको विधान र घोषणा पत्रका अतिरिक्त कानुन बमोजिमका अन्य कागजात संलग्न गराउनु पर्ने उल्लेख छ (धारा २६९(३) । कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने खालको हुनु हुँदैन यदि त्यस्तो भएमा दल दर्ता नहुने उल्लेख छ (धारा २६९(५) ।

संविधानको धारा २७० मा राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज गरिएको छ। धारा २६९ बमोजिम राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचारप्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिने छ र स्वतः अमान्य हुने छ (धारा २७०(१) । कुनै एउटा राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरुले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुनेछ (२६९(२) । नेपालको संविधानमा भएको राजनीतिक दल सम्बन्धी व्यवस्थाले दलको अनिवार्यता र लोकतान्त्रिकरणमा मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ। विगतमा राजनीतिक दल माथि प्रतिबन्ध लागेबाट पाठ सिक्दै दल माथि प्रतिबन्ध लगाउन नमिल्ने गरी संवैधानिक व्यवस्था गरेको देखिन्छ। यसर्थ संवैधानिक व्यवस्थाले राजनीतिक दलको लोकतान्त्रिकरणलाई अनिवार्य शर्तको रुपमा प्रस्तुत गरेको छ। नेपालको साना ठूला सबै राजनीतिक परिवर्तनमा राजनीतिक दलहरुको नै अहम् र प्रभावकारी भूमिका रहेको हुनाले आफ्नो विगतको बलिदानलाई सम्झना गर्दै आफ्नो चरित्र र संस्कारलाई समय सापेक्ष अघि बढाउँदै लग्नु पर्दछ। राजनीतिक दलको आन्तरिक चरित्रले राष्ट्रिय शासनको स्वरुप निर्धारणमा मद्दत पुग्ने हुँदा दलको सुसङ्गठित सैद्धान्तिक र कार्यगत स्वरुपमा स्पष्टता हुनु आवश्यक हुन्छ। राजनीतिक दलको सङ्गठनात्मक स्वरुप समावेशी हुनुको साथै राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखी मुलुकका सबै क्षेत्र र विषयलाई सम्बोधन गर्दै अघि बढ्नु पर्ने हुन्छ। जातिगत, साम्प्रदायिक, क्षेत्रीयताका आधारमा स्थापित राजनीतिक दल लोकतन्त्रका लागि घातक मानिन्छन्। त्यसैले नेपालमा विभिन्न कालखण्डमा विभिन्न स्वरुपका क्रान्ति र आन्दोलन मार्फत परिवर्तनका लागि बलिदान गर्ने पसिना, रगत बगाउने राजनीतिक दलहरुले राष्ट्रियता, समावेशिता, समानता, लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्दै अघि बढ्नु पर्दछ। संवैधानिक प्रावधानलाई व्यवहारमा उतार्न सधैँ प्रयत्नशील रहनु पर्दछ।

**निष्कर्ष**

नेपालमा राणा शासन अन्त्य र लोकतन्त्रको स्थापनाका लागि राजनीतिक दलहरु निर्माण भएको पाइन्छ। वि.सं. २००७ सालको राणा शासन विरुद्धको क्रान्ति, वि.सं. २०२८ सालको झापा विद्रोह, वि.सं. २०४६ सालको

संयुक्त जनआन्दोलन, वि.सं. २०५२ साल फाल्गुण १ गतेबाट शुरु भएको तत्कालीन नेकपा (माओवादी) ले सञ्चालन गरेको १० वर्षे जनयुद्ध, वि.सं. २०६२/०६३ सालको संयुक्त जनआन्दोलन लगायतमा नेपालका राजनीतिक दलले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । नेपालको पछिल्लो उपलब्धिको रुपमा संविधान सभाबाट निर्मित नेपालको संविधानलाई मान्नु पर्ने हुन्छ । नेपालमा राजनीतिक दल निर्माणको आफ्नो इतिहास, पृष्ठभूमि, वैचारिक मान्यता, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति, सिद्धान्त अलग अलग भए पनि व्यावहारिक कार्यशैलीमा मौलिक भिन्नता पाइन्न । राजनीतिक दल समाजको चरित्र र विशेषताबाट अलग रहेर काम गर्ने प्रकृतिको निकाय नभएको कारणले कार्यशैलीमा मौलिकता नदेखिएको हुनुपर्दछ । नेपालका पछिल्ला संविधानहरुले दल खोल्ने अधिकारलाई मौलिक अधिकारको रुपमा सुनिश्चितता प्रदान गरेको पाइन्छ । संवैधानिक सीमाले दलले पालना गर्ने शर्तलाई सुनिश्चित गरेको छ । मूलतः दलको राष्ट्रिय चरित्र हुनुपर्ने, दल निर्माण र सदस्यता प्राप्तिमा कुनै पनि प्रकारको विभेद गर्न नहुने, राजनीतिक दलको आन्तरिक संगठन लोकतान्त्रिक मान्यता अनुरुप समावेशी चरित्रको हुनुपर्ने, दलको पदाधिकारी र सदस्यको निर्वाचन आवधिक रुपमा हुनु पर्ने, दलको आयस्रोतको कोष र त्यसको प्रयोग पारदर्शि खुला गरी व्यवस्थित गर्नुपर्ने, आय व्ययको लेखा परीक्षण गरी विवरण आधिकारिक रुपमा सार्वजनिक गर्नु पर्ने, दलको सदस्यता प्राप्त गर्न जर्वजस्ती गर्न नहुने लगायत संवैधानिक तथा कानुनी बन्दोबस्तले दलको लोकतान्त्रिकरणलाई मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ । संवैधानिक बन्दोबस्त र व्यवहारमा राजनीतिक दलहरु प्रयासरत रहनु पर्दछ ।

**सन्दर्भसामग्री**

आचार्य, बलराम (२०७४), नेपाली समाजको गतिशीलता, काठमाडौं : नेपाल बुक सेन्टर ।
काफ्ले, मायाप्रसाद (२०४८), नेपालको सरकार र प्रशासन, विराटनगर : काफ्ले प्रकाशन ।
खनाल, झलनाथ (२०६४), केही प्रशिक्षण सामग्री, काठमाडौं : नेकपा (एमाले) प्रचा विभाग ।
गौतम, राजेश (२०५४), नेपालको संवैधानिक इतिहास र राजनीति, काठमाडौं : रत्नपुस्तक भण्डार
दाहाल, रामकुमार (२०५७), नेपालका राजनीतिक दलहरु, काठमाडौं : नेपाल फाउन्डेसन फर एडभान्स स्टडिज ।
दाहाल, काशीराज (२०६६), आधुनिक राज्य निर्माण र संविधानको अन्तर विषयवस्तु, काठमाडौं : फ्रेडरिक ईवर्ट स्टिफ्टुङ्ग ।
दाहाल, रामकुमार र श्रेष्ठ, आनन्दप्रसाद (२०५७), समकालीन नेपाली समाज, काठमाडौं : नेफास ।
नेपालको अन्तरिम संविधान (२००७), काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
नेपालको अन्तरिम संविधान (२०६३, काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
नेपालको अधिराज्यको संविधान (२०१५, काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
नेपाल अधिराज्यको संविधान (२०४७), काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
नेपाल सरकारको वैधानिक कानुन (२००४), काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
पोखरेल, कृष्ण (२०५६), नेपालको शासन र प्रशासन, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स ।
नेपालको संविधान (२०१९), काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
नेपालको संविधान (२०७२), काठमाडौं : नेपाल कानुन आयोग (Retrieved from www.lawcommission.gov.np.)।
फूएल, श्यामप्रसाद (२०७५), नेपालको राजनीति, काठमाडौं : सनलाइट पब्लिकेशन ।
फूएल, श्यामप्रसाद (२०७५), नेपालको चुनावी राजनीति, काठमाडौं : सनलाइट पब्लिकेशन ।
फूएल, श्यामप्रसाद (२०७५), समकालीन राजनीति र नागरिक शिक्षा, काठमाडौं : सनलाइट पब्लिकेशन ।
मानन्धर, त्रिरत्न र शर्मा, निरञ्जन (२०५३), आधुनिक नेपालको राजनैतिक इतिहास, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
रेग्मी, शिरीषचन्द्र (२०५४), राजनीतिशास्त्रको परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
श्रेष्ठ, अमन (२०७२), संवैधानिक विकासको क्रममा नेपालको संविधान, काठमाडौं : राष्ट्रिय सूचना मञ्च ।
शिवाकोटी, गोपाल (२०७०), पहिचान र दर्शनको सङ्कटमा नेपाली राजनीतिक व्यवस्था, काठमाडौं : पैरवी प्रकाशन ।